ネパール語

मिति: मे २०२५

बीन स्टक स्नो कम्पनी लिमिटेड

आदरणीय ग्राहकहरू,

विषय: बीन स्टक स्नोको "बीन स्टक सुकोयाका M1" र "बीन स्टक त्सुयोईको" का लागि हलाल प्रमाणीकरणको सन्दर्भमा

1. शिशु आहार "बीन स्टक सुकोयाका M1" र त्यसपछिको दूध "बीन स्टक त्सुयोईको" हलाल प्रमाणीकरण प्राप्त गरेका छैनन्।

2. यी उत्पादनहरूमा सुँगुर, कुखुरा वा गाईको मासुबाट वा मदिराबाट प्राप्त कुनै पनि सामग्री प्रयोग गरिएको छैन। हाम्रो उत्पादन प्रक्रियाका क्रममा दूषित हुने कुनै सम्भावना पनि छैन। (सुकोयाकामा पाइने टौरिन (एउटा एमिनो एसिड) गाईको पित्तबाट प्राप्त गरिन्छ।)

3. यद्यपि, हाम्रा उत्पादनहरूमा प्रयोग हुनुअघि केही सामग्रीहरू प्रशोधनका विभिन्न चरणहरूबाट र धेरै उत्पादकहरूमार्फत गुज्रिन्छन्। यी प्रक्रियाका दौडनमा, सुँगुर, कुखुरा वा गाईको मासु वा मदिराबाट प्राप्त पदार्थहरू अप्रत्यक्ष रूपमा प्रयोग हुन सक्छन् वा ती सामग्रीहरूको सम्पर्कमा आउन सक्छन्। विशेष गरी, यसमा सामग्री उत्पादकहरूले आफ्ना उत्पादन प्रक्रियाहरूमा प्रयोग गर्न सक्ने इन्जाइमहरू, सामग्री निकाल्न प्रयोग गरिने मदिरा, वा कीटाणुशोधनका लागि प्रयोग गरिने मदिरा समावेश हुन सक्छन्। यी पदार्थहरू अन्तिम उत्पादनहरूमा मिसाइँदैनन्, तैपनि ती सामग्रीहरू अस्थायी रूपमा सुँगुर, कुखुरा वा गाईको मासुबाट प्राप्त पदार्थहरू, अथवा मदिराको सम्पर्कमा आएको हुन सक्ने सम्भावनालाई पूर्ण रूपमा नकार्न सकिँदैन।